"सिरीजङ्घाको गौरव, कन्चनजङ्घा "

# सिरीजङ्घा राजपत्र


सिरीजङ्घा गाँउपालिकाद्धारा प्रकाशित

खण्ड २) ताप्लेजुङ, प्रदेश नम्वर १, नेपाल, आषाढ १५ गते २०७७ साल (संख्या ९


## भाग १

सिरीजङ्घा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, प्रदेश नं. १, नेपाल ।

सिरीजङ्घा गाँउपालिकाको गाँउ सभा अधिवेशनले पारित गरेको तल लेखिए बमोजिमको ऐन

सम्वत् २०७७ सालको ऐन / नियमावली / निर्देशिका / कार्यविधि / मापदण्ड नं. ९

# <u>सिरीजङ्घा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७७</u>

**प्रमाणीकरण मिति : २०७७।०३।११**

**<u>प्रस्तावना</u>** : नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था भएको स्थानीय तहको एकल अधिकार सूची तथा अनुसूची ९ मा व्यवस्था भएको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लिखित गाउँपालिकाको काम, कर्तव्य र अधिकारलाई तत्काल कानून (नियमावली वा कार्यविधि वा निर्देशिका वा मापदण्ड) बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा ५७ को उपधारा (४) तथा (५) ले दिएको अधिकार प्रयोग गरी सिरीजङ्घा गाउँपालिकाको सातौं गाउँ सभा अधिवेशनले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यो विधेयकको नाम "सिरीजङ्घा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन सिरीजङ्घा राजपत्रमा प्रकाशन भए पश्चात् गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

२. **<u>परिभाषा र व्याख्या</u>** : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले सिरीजङ्घा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ लाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले सिरीजङ्घा गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङलाई सम्झनु पर्छ ।

(घ) “सभा” भन्नाले नेपालको संविधानको धारा २२२ बमोजिमको सिरीजङ्घा गाउँपालिकाको गाउँ सभा अधिवेशनलाई सम्झनु पर्छ ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नका निमित्त कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकारभित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने** : (१) संविधान वा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वा ऐन वा ऐन अन्तर्गत वनेको नियमावलीको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न वा गराउन सक्नेछ ।

५. **खारेजी र बचाउ** : (१) सिरीजङ्घा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ लाई खारेज गरिएको छ ।

(२) उपदफा (१) मा उल्लिखित ऐन बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

**आज्ञाले,**
**श्री सन्तोष घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**
**सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ ।**